# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

मितिः २०८१।०५।०६

*(सूचना नं. १९-२०८१।८२)*

# करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।।

यस खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयका लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तपसिलका पदहरुको सेवा करारमा लिनु पर्ने भएकाले निम्न योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यस गाउँपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बुमा रीतपूर्वकको दरखास्त पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१) <u>पदसँग सम्बन्धित विवरण</u>

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | आवश्यक सङ्ख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०८-२०८१।८२ | सब इञ्जिनियर (सिभिल, जनरल) | सहायकस्तर पाँचौ | १ | सम्बन्धित विषयमा डिप्लोमा वा सोसरह | ७०० | |
| २. | ०९-२०८१।८२ | शुल्क संकलक | सहायकस्तर चौथो | १ | SEE वा सो सरह | ५०० | |
| ३. | १०-२०८१।८२ | अहेब | सहायकस्तर चौथो | १ | सम्बन्धित विषयमा १५ महिने अहेब कोर्स उत्तिर्ण गरी नेपाल स्वास्थ्य परिषदमा दर्ता भएको | ५०० | |

२) <u>दरखास्त दिने मितिः</u> २०८१/०५/२० गते कार्यालय समय सम्म (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)।

३) <u>संलग्न गर्नुपर्ने कागजातको विवरणः</u> नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता, ३ प्रति पासपोर्ट साइजको फोटो, तालिम एवम् अनुभव हासिल गरेको भए सो को प्रमाण पत्रहरुको प्रतिलिपि।

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +9773859004

४) <u>उमेर:</u> १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

५) <u>आवेदन दिने तरिका:</u> माथि उल्लिखित कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, लुक्ला शाखा स्थित यस गाउँपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता नं. २५८०१००३०१०१०००२ मा तोकिएको रकम जम्मा गरी जम्मा भएको सक्कलै बैंक भौचर संलग्न राखी दरखास्त निवेदन दिनुपर्ने छ। साथै दरखास्त फाराम यस गाउँपालिकाको Website बाट प्राप्त गर्न सकिनेछ।

६) <u>छनोट विधि:</u>

क) खुम्बु पासाङल्हामु गाउँपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९ को दफा ४ को उपदफा ३ बमोजिम सूचीकरण गरिनेछ। ५० अङ्कको लिखित परीक्षा तथा २० अङ्कको अन्तर्वार्ता परीक्षा हुनेछ। लिखित परीक्षामा २५ वटा वस्तुगत बहुबैकल्पिक प्रश्नहरु सोधिनेछ। लिखित परीक्षामा उत्तिर्ण हुन कम्तिमा ५० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ।

ख) विज्ञापन नम्बर ०९ को हकमा १० अङ्कको कम्प्युटर सीप परीक्षण हुनेछ।

ग) चरणबद्ध रुपमा सफल उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ।

**७) लिखित परीक्षाको पाठ्यक्रम देहाय बमोजिमको हुनेछ।**

क) <u>विज्ञापन नं. ०८-२०८१।८२, सव इञ्जिनियर</u>

Survey, Design, Estimation and Cost Analysis of Building, Road, Water supply and Trekking Trails

ख) <u>विज्ञापन नं. ०९-२०८१।८२, शुल्क संकलक</u>

नेपालको संविधान, २०७२; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक ऐन, २०८१ तथा समसामयिक विषयहरु।

ग) <u>विज्ञापन नं. १०-२०८१।८२, अहेब</u>

Anatomy and Physiology; Health Education and Community Diagnosis; Community Health; First Aid and Basic Medical Procedures; Vector Borne Diseases; Maternal and Child Health, Family Planning and Nutrition; Microbiology, Communicable and Non-Communicable Diseases; Medicine; Surgery; Pharmacy and Pharmacology; Health, Culture and Communication; Health Management

८) <u>सेवा सुविधा र अन्य:</u> सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

<u>थप जानकारीको लागि सम्पर्क: ०३८५९००४६</u>

(जगत प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत